बैठक नं.-५२

बैठक संख्याः

आज मिति २०७६ साल पुस २५ गतेका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्र बहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी मायावाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | |
| १० | श्री जानुका थापा मगर | सदस्य | |
| ११ | श्री हिमालीमाया वि.क. | सदस्य | |
| १२ | श्री गंगामाया वि.क. | सदस्य | |
| १३ | श्री सुन माया थिङ | सदस्य | |
| १४ | श्री सन्तोष नेपाली | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्य उपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हेम विक्रम चौहान | लेखापाल | |
| २ | भरतजंग थापा | ना.सु | |
| ३ | सुदिप थापा | कम्प्युटर अपरेटर | |

निर्णयहरु:

**निर्णय नं. १ :-** घ्याङलेख गाउँपालिकाको आ.व. ०७६/०७७ को गाउँसभावाट वडा नं. २ स्थित हायुटारमा सार्वजनिक शौचालय निर्माण गर्नका लागि २१८२५०।- स्वीकृत भएकोमा उक्त योजना सञ्चालन गर्न सार्वजनिक जग्गा उपलब्ध नभएको हुँदा साविक वस्तिपुर गा.वि.स. वडा नं. ८ क कि.नं. ५०० क्षेत्रफल ०-५-०-० आना श्री जलमाया सिजालीको नाममा रहेको मध्ये ०-१-०-० पुर्व शाखा सडक पश्चिम जलमाया सिजालीको र उत्तर जलमाया सिजालीको जग्गा मुल सडकको चार किल्ला भित्रको जग्गामा शौचालय निर्माण गर्ने र गाउँपालिकाको निर्णय वेगर नभत्काउने गरी जग्गा उपलब्ध गराउने मन्जुरी नामा समेत प्राप्त भएको हाल शौचालय निर्माण कार्य सम्पन्न भई कागज पेश भएको हुँदा उक्त रकम उपभोक्ता समितिलाई प्राविधिक मूल्याङ्कन बमोजिम रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २ :** घ्याङलेख गाउँपालिका वडा नं. २ साविक बस्तिपुर गा.वि.स. वडा नं. ८ क को सम्पूर्ण जग्गा भोग चलन र नाप नक्सा फरक पर्न गएकोले भोगचलनको आधारमा पुन नक्सा कायम गर्न पुन सर्भे गर्ने प्रयोजनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइदिन नापी कार्यालय सिन्धुलीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** घ्याङलेख गाउँपालिका वडा नं. २ निवासी श्री कुलध्वज पाखिनको श्रीमती वर्ष ३६ को श्री भिम माया पाखिन नेपाल मेडिकल कलेज शिक्षण अस्पतालको न्यूरो आई.सी.यू. मा मिति २०७६ साल मंसिर १५ गते देखि भर्ना भई निरन्तर उपचार गराइ रहेको तथा थप लामो समय सम्म उपचार गराउनुपर्ने भएकोले गाउँपालिकाबाट आर्थिक सहयोग पाऊँ भनि २ नं. वडा कार्यालयको सिफारिस सहित निज विरामीको जेठाजु राम बहादुर पाख्रिनले निवेदन दिनुभएको हुँदा यस गाउँपालिकाको आर्थिक सहायता शिर्षकमा विनियोजित बजेटबाट निजको उपचारको लागि रु. ५०,०००।- (अक्षेरुपी: पचास हजार मात्र) आर्थिक सहयोग बापत भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :** घ्याङलेख गाउँपालिका वडा नं. ४ निवासी श्री संग्राम स्याङतानको देव्रे खुट्टा घुँडा मुनी नभएकोले कृत्रिम प्लास्टिकको खुट्टा फेर्नका लागि आर्थिक अवस्था कमजोर भएकाले सहयोग पाऊँ भनि यस गाउँपालिकामा निवेदन दिनुभएको हुँदा यस गाउँपालिकाको आर्थिक सहायता शिर्षकमा विनियोजित बजेटबाट निजलाई रु ५०,०००।- (अक्षेरुपी: पचास हजार मात्र) आर्थिक सहयोग बापत भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५ :** मिति २०७६ माघ १ गते माघे संक्रान्ति तथा तामाङ समूदायको महान चाड ल्होसारको उपलक्ष्यमा मिति २०७६ माघ १० र १२ गतेका दिन यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यालयहरु तथा शैक्षिक संस्थाहरुका लागि सार्वजनिक विदा दिने निर्णय गरियो ।

**जगत बहादुर भोलन**

अध्यक्ष

**निर्णय नं. ६ :-** घ्याङलेख गाउँपालिकाको केन्द्र रहेको स्थान सम्म राष्ट्रिय राजमार्गबाट हालसम्म कुनै कालोपत्रे सडकको पहुँच नपुगेको हुँदा कमलामाई नगरपालिका वडा नं. २ पिपलभन्ज्याङ्ग वि.पि. राजमार्ग देखि घ्याङलेख गाउँपालिका वडा नं. २ स्थित हायुटार सम्म ग्राभेल भैसकेको २३ कि.मि. सडकमा आवश्यक सुधार गरि कालोपत्रे सडक निर्माण गर्न भौतिक पुर्वाधार विकास मन्त्रालय वागमती प्रदेशमा अनुरोध गरी संलग्न सडक पहिचान विवरण फाराम भरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.७ :-** यस घ्याङलेख गाँउपालिका, अन्तर्गत प्रदेश सरकार विशेष अनुदान तर्फ केन्द्रिय विद्युत (राष्ट्रिय विद्युत प्रशासण) लाइन विस्तार गर्न आ.ब.०७५/०७६ मा रु.३,००,००,०००।०० विनियोजित भएको र गाँउ कार्यपालिका को मिति २०७५।११।१० को निर्णय अनुसार उक्त रकम मध्ये रु.७५,००,०००। का दरले क्रमशः वडा नं १, २, ३ र ४ मा विद्युत विस्तारका लागि विनियोजन गर्ने निर्णय भए बमेजिम उक्त कार्यको ठेक्का मार्फत कार्य गर्ने गरि बोलपत्र आव्हान भएकोमा वडा नं. १ मा Unicorn Construction Pvt. Ltd. Siphal-07, Kathmandu, वडा नं. २ मा Kailash Nirman Sewa Pvt. Ltd. Manthali, Ramechhep तथा वडा नं. ३ र ४ मा Sunita and Kabita Construction Pvt.Ltd, Bhmeshwor-3, Dolakha संग ठेक्का सम्झौता भई २०७६।०५।३० भित्र कार्यसम्पन्न गर्ने गरि सम्झौता भई कार्यदेश दिई विद्युत विस्तार कार्य अगाडी वढेकोमा निर्माण कम्पनीहरुबाट कार्यसम्पन्न भएकोले अन्तिम विल भूक्तानी पाऊँ भनि यस कार्यालयमा निवेदन प्राप्त भएकोले उक्त कार्यको प्राविधिक नापजाँच तथा अनुगमन र निरिक्षणका लागि फिल्ड भिजिट गर्दा केही त्रुटिहरु देखिएकोले सो त्रुटि सच्याउन आवश्यक रहेको, उक्त कार्य नेपाल विद्युत प्राधिकरणको मापदण्ड बमोजिम रहे नरहेको सन्दर्भमा एकिन गर्नका लागि नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र सिन्धुलीबाट प्राविधिक झिकाई चेकजाँच गराउनुपर्ने तथा नेपाल विद्युत प्राधिरणको तर्फबाट यस गाउँपालिकाको बुक्ति खट्टार हुँदै हायूटार सम्मको मेन लाई विस्तारको कार्य समेत सम्पन्न नभएकाले तत्काल ट्रान्सफरमर चार्ज गरि विद्युत सुचारु गर्न समेत समस्या परेकोले उक्त कार्य समेत सम्पन्न भएपश्चात ट्रान्सफरमर चार्ज गरि विद्युत सुचारु भएपश्चात मात्र अन्तिम विल भूक्तानी गर्ने गरि निर्माण कम्पनीहरुलाई रनिङ विल बापतको रकम मात्र भूक्तानी गरिएकोमा हाल विद्युतिकरणको कार्य सम्पन्न भई विद्युत उद्घाटन समेत भई ४ वटै वडाहरुमा वत्ति समेत वलिसकेको हुँदा उक्त निर्माण कम्पनीहरुको प्राविधिक विल बमोजिम हुन आउने रकम तत्काल भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** घ्याङलेख गाउँपालिकाको मिति २०७६ साल असार ३० गतेका दिन सम्पन्न भएको गाउँसभाबाट अनुमानित वजेट तथा कार्यक्रम स्वीकृत गर्दा गत आर्थिक वर्षको नगद मौज्दात अनुमानमा प्रदेश सवारी करबाट प्राप्त भएको रु. ९३०००००। र गाउँपालिकाको रु. १५००००००। गरी जम्मा रु २४३०००००। अनुमान गरि कुल ३१५९४१८१०। को आय अनुमान गरिएकोमा हाल श्रेस्ताबाट बास्तविक अ.ल्या.रकम रु. ४५३३३१२९।९८ कायम हुन आएकोले बाँकी रु.२१०३३१२९।९८

जगत बहादुर भोलन
अध्यक्ष

समेतलाई अ.ल्या. अन्तर्गत थप गरि कुल आय अनुमान समेत संशोधन गरि रु. ३३,६९,७४,९३९।९८ पुऱ्याउने र विनियोजन हुन बाँकी रहेको रु.२१०३३१२९।९८ बाट तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरुमा तपशिल अनुसारको बजेट संशोधन सहित विनियोजन गर्न आगामी पौष २६ गतेको गाउँ सभामा पेश निर्णय गरियो ।

**तपशिल :**

| सि.नं. | योजना /कार्यक्रम | ०७६/७७ को अनुमान रु. | थप विनियोजन रु. | संशोधित कुल अनुमान रु |
|---|---|---|---|---|
| **पुँजीगत तर्फ:** | | | **१४५६१११५।-** | |
| १ | नेत्रकाली महाभारत सामुदायिक ग्रामिण विद्युत सहकारी संस्था लि. नेत्रकाली-५ | ००। | ३७५२३०९।- | ३७५२३०९।- |
| २ | जि.स.स. समपुरक कोष | ००। | २२०००००।- | २२०००००।- |
| ३ | भोलुङ्गेपुल गा.पा. नगद सहभागिता | ००। | ४०८८०६।- | ४०८८०६।- |
| ४ | विभिन्न योजनाहरुको डि.पि.आर. तयार गर्न | ००। | २००००००।- | २००००००।- |
| ५ | हायुटार बजारदेखि बैंङ्क जाने बाटो स्तर उन्नति | ००। | ४०००००।- | ४०००००।- |
| ६ | फापरचुली खानेपानी व्यवस्थापनको लागि जेनेरेटर खरिद | ००। | ५०००००।- | ५०००००।- |
| ७ | फापरचुली मन्दिरको लागि शौचालय निर्माण | ००। | ३०००००।- | ३०००००।- |
| ८ | सिम्लेफाँट सानो भोक्टेनी हुँदै ठूलो भोक्टेनी सडक मर्मत-२ | ००। | १००००००।- | १००००००।- |
| ९ | डल्लु खेत सिंचाई कुलो निर्माण-१ | ००। | ६०००००।- | ६०००००।- |
| १० | जुके खोलावादीखोला सिंचाई कुलो निर्माण - १ | ००। | ४०००००।- | ४०००००।- |
| ११ | तामाजोर केवरघारीदेखि ठाकुरथानसम्म मोटरबाटो स्तरोन्नती-३ | ००। | ९०००००।- | ९०००००।- |
| १२ | नागको मन्दिर निर्माण वडा नं. ३ | ००। | १०००००।- | १०००००।- |
| १३ | सिम्ले दोभान भैंसे फाँट तटबन्धन वडा नं. ४ | ००। | ५०००००।- | ५०००००।- |
| १४ | आहाले मोटरबाटो मर्मत वडा नं. ४ | ००। | २०००००।- | २०००००।- |
| १५ | कवासे मोटरबाटो निर्माण वडा नं. ४ | ००। | २०००००।- | २०००००।- |
| १६ | भैंसेफाँट मूलबाटो ग्राभेल वडा नं. ४ | ००। | १०००००।- | १०००००।- |
| १७ | पाखुरे देवीथानहुँदै पहरीलेक सडक निर्माण वडा नं. ५ | ००। | ७०००००।- | ७०००००।- |
| १८ | रामपुर मन्दने कान्फोल्दोङ दक्षिणकाली सिंपालसडक स्तरोन्नति वडा नं. ५ | ००। | ३०००००।- | ३०००००।- |
| **चालु तर्फ : -** | | | **६४७२०१४।९८** | |
| १. | सरुवा भ्रमण खर्च | १७००००। | ३०००००।- | ४७००००।- |
| २. | कर्मचारी तलवभत्ता | १६७२६०००। | ६१७२०१४।९८ | २२८९८०१४।९८ |

निर्णय नं. ९ :- घ्याङलेख गाउँपालिका वडा नं. १ अमलेमा आ.व. ०७६/७७ को गाउँसभाबाट प्रहरी चौकी भवन निर्माणको लागि रु १४,००,०००। विनियोजन गरिएकोमा तत्काल जग्गा अभावका कारण

जगत बहादुर भोलन

उक्त योजना कार्यान्वयन गर्न कठिनाई भएकोले उक्त योजनाको बजेट रकमलाई खट्टार अमले हुँदै थलगाउँ वन्दीपुर सडक मर्मत गर्ने कार्य अगाडि बढाउनको लागि योजना संशोधन गर्न आगामी पौष २६ गतेको गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

सन्तोष ...
प्रमुख प्रशासकीय अधिकृत